# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति: २०७६/०५/२३

पत्र संख्या:२०७६/०७७

चलानी नम्बर ...............

## छात्रवृत्तिको लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना

(प्रकाशित मितिः-२०७६/०५/२३ गते)

यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार उच्च शिक्षा अध्ययनको लागि गरिब तथा जेहेन्दार छात्रछात्राहरुलाई तपसिलका कोटाहरुमा छात्रवृत्ति दिने कार्यक्रम रहेकोले उल्लेखित शर्त तथा कानुनी प्रावधानहरुको पालना गरी यहि २०७६/०६/०६ गतेभित्र नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र दरखास्त पेश गर्नुहुन सवैको जानकारी लागी अनुरोध छ ।

**तपशिल**

१. छात्रवृत्ति दिईने विषय र कोटाको विवरण

| क्र.स. | छात्रवृत्ति दिने संकाय | कोटा | छात्रवृत्ति रकम | कैफियत |
|---|---|---|---|---|
| १. | स्वास्थ्य (स्टाफ नर्स/एचए/फार्मेसी) | २ | जनही रु दुई/दुई लाख | |
| २. | इन्जिनियरिङ (सव इन्जिनियर : मेकानिकल/सिविल/इलेक्ट्रिकल) | ३ | जनही रु दुई/दुई लाख | |
| ३. | पशुसेवा/कृषि (तीन वर्षे कृषि/भेटेनरी) | २ | जनही रु दुई/दुई लाख | |
| ४. | कानून संकाय (स्नातक तह) | १ | जनही रु दुई/दुई लाख | |
| ५. | सूचना प्रविधि (तीन वर्षे) | २ | जनही रु दुई/दुई लाख | |

२. छात्रवृति प्राप्त गर्न कक्षा १० सम्म सामुदायिक सरकारी विद्यालयमा अध्ययन गरेको एवम् यस नगरपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्नेछ ।

३. सम्बन्धित विषयमा छात्रवृत्ति वा पूर्ण वा आंशिक शूल्कमा अध्ययन गर्ने गरी मान्यता प्राप्त शिक्षण संस्थामा नाम निकालेको हुनुपर्नेछ ।

४. साविक देखि नै अध्ययनरत छात्रछात्रालाई समेत सम्बन्धित कलेजको सिफारिसमा जेहेन्दार र गरिब भए/नभएको आवश्यक छानविन गरी छात्रवृत्ति उपलब्ध गराइनेछ ।

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७६/०५/२३

पत्र संख्याः२०७६/०७७

चलानी नम्बर ...............

५. आठविसकोट नगरपालिका छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७४ को पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

६. आवश्यक कागजातहरुः– शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, कलेज भर्ना भएको वा हुने क्रममा रहेको प्रमाणपत्र, प्रतिवद्धतापत्र, गरिब तथा जेहेनदार भएको भनि सम्बन्धित विद्यालय र वडा कार्यालयले दिएको सिफारिस, नगरपालिकाको आर्थिक ऐन अनुसार नगरपालिकालाई बुझाउनुपर्ने करहरु तिरेको करदाता प्रमाणपत्र र आवश्यकता अनुसार थप कागजातहरु ।

७. म्यादि नाघि आएका वा उल्लेखित शर्त र योग्यता नपुगि पेश भएका दरखास्त उपर कुनै कारवाही हुने छैन् ।

८. थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिनेछ वा नगरपालिकाको वेबसाईट www.aathbiskotmun.gov.np वा सम्पर्क नं. ९७४८५८३१३८ र ९७४१३८९९६१ मा हेर्न/सम्पर्क गर्न सकिनेछ ।

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत